# आकाशवाणी समाचार- नेपाली

मितिः ०१ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. केन्द्रीय मंत्रिमंडलले प्रधानमन्त्री किसान सम्पदा योजना विस्तारका लागि छह हजार पांच सौ बीस करोड रुपियाँ स्वीकृत गरेको छ।

२. निर्वाचन आयोगले आफ्नो विशेष गहन पुनरीक्षण पहलअन्तर्गत आज बिहारमा मतदाता नामावलीको सूची जारी गर्ने भएको छ।

३. वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले अमेरिकाले हालै लगाएको २५ प्रतिशत शुल्कले भारतीय सामानमा पारेको असरबारे सरकारले समीक्षा गरिरहेको बताउनु भएको छ।

४. बैंकिङ कानून संशोधन अधिनियम-2025 आजदेखि लागू भएको छ।

५. मौसम विभागले आसाम, मेघालय र अरूणाचल प्रदेशमा आज भारी वर्षाका लागि चेतावनी जारी गरेको छ।

**१५ औं वित्त आयोग**

केन्द्रीय मन्त्रिपरिषद्ले १५ औं वित्त आयोगको अवधिमा जारी प्रधानमन्त्री किसान सम्पदा योजना (पीएम-किसान) को लागि १,९२० करोडको अतिरिक्त परिव्ययसहित ६,५२० करोडको परिव्यय स्वीकृत गरेको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले हिजो नयाँ दिल्लीमा सो जानकारी दिनुभएको हो।

बाइट अस्विनी

**पीएम-किसान किस्त**

प्रधानमंत्री नरेन्द्र मोदीले भोली शनिवार उहाँको उत्तर प्रदेशको वाराणसी यात्राको अवधि नौ करोड़ 70 लाख भन्दा अधिक किसानहरुलाई 20 हज़ार 500 सय करोड़ रुपियाँ अधिक राशिको प्रधानमंत्री किसान सम्मान निधि योजनाको 20औ किस्ता जारी गर्नुहुनेछ। यस अवधि , श्री मोदीले लगभग 2 हज़ार 200सय करोड़ रुपियाँ लागतको कयौ विकास परियोजनाहरुको शिलान्यास र उद्घाटन गर्नुहुनेछ ।प्रधानमंत्रीले वाराणसी-भदोही मार्ग र छितौनी-शूल टंकेश्वर मार्गको चौड़ीकरण र सुदृढ़ीकरण तथा मोहन सराय-अदलपुरा मार्गमा हुने भीड़भाड़लाई कम गर्नका लागि हरदत्तपुरमा रेलवे ओवरब्रिजको उद्घाटन पनि गर्नु हुनेछ ।पर्यटन क्षेत्रलाई बढ़ावा दिनका लागि श्री मोदीले नदी तटका आठ घाटहरुको पुनर्विकास, कालिका धाममा विकास कार्यहरु र दुर्गाकुंडको जीर्णोद्धार र जल शोधन संयंत्रको उद्घाटन गर्नु हुनेछ ।उहाँले कर्दमेश्वर महादेव मंदिर, सारनाथ, रामनगर अंचलमा नगर सुविधा केंद्रहरुको जीर्णोद्धार कार्य, लमहीमा मुंशी प्रेमचंदको पैतृक निवासको पुनर्विकास र संग्रहालयको रूपमा यसको विकसित आधारशिला राख्नुहुनेछ।

**निर्वाचन आयोग-एस.आई.आर.**

निर्वाचन आयोगले आफ्नो विशेष गहन पुनरीक्षण पहलअन्तर्गत आज बिहारमा मतदाता नामावलीको सूची जारी गर्ने भएको छ। नामावलीको सूची जारी गर्नअघि राज्यका ३८ जिल्लाका सबै मान्यता प्राप्त राजनीतिक दललाई मतदाता नामावलीको भौतिक र डिजिटल प्रति उपलब्ध गराइने मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले जानकारी दिनुभयो। यसका साथै बिहारका

मुख्य निर्वाचन अधिकारी र २४३ निर्वाचन अधिकारीले मतदाता वा कुनै पनि मान्यता प्राप्त राजनीतिक दललाई सूचीमा कुनै विसंगति भएमा आपत्ति जनाउन मौका दिने बताउनुभयो। आजदेखि सेप्टेम्बर १ तारिखसम्म आपत्ति दर्ता गर्न सकिनेछ। निर्वाचन आयोगले गत महिनाको २४ तारिखमा बिहारमा मतदाता नामावलीमा विशेष पुनरीक्षण गर्ने निर्देशन दिएको थियो। पारदर्शी रुपमा मतदाता नामावलीमा सबै योग्य मतदाताको नाम समावेश गर्ने उद्देश्यले यो कदम चालिएको हो। बिहारमा अन्तिम पटक सन् २००३ मा यसको गहन पुनरीक्षण गरिएको थियो।

**गोयल अमरीकी शुल्क**

वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले अमेरिकाले हालै लगाएको २५ प्रतिशत शुल्कले भारतीय सामानमा पारेको असरबारे सरकारले समीक्षा गरिरहेको बताउनु भएको छ। लोकसभामा हिजो गोयलले देशले राष्ट्रिय हितको रक्षाका लागि सबै कदम चाल्ने बताउनु भएको छ भने सरकारले किसान, उद्यमी, उद्योग संस्थालगायत सबै सरोकारवालासँग परामर्श गर्ने बताउनु भयो।

**सिंधिया-मोबाइल कॉन्क्लेव**

केंद्रीय संचार मंत्री ज्योतिरादित्य सिन्धियाले एलन मस्कको कम्पनी स्टारलिंकलाई भारतमा उपग्रह इंटरनेट सेवा सुरु गर्न अनुमति पत्र दिइएको बताउनु भएको छ भने स्पेक्ट्रम आबंटनको मोडालिटी पनि तयार भइसकेको बताउनु भएको छ। मोबाइल टेलिफोनको ३० वर्ष पुगेको अवसरमा नयाँ दिल्लीमा आयोजित मोबाइल कन्क्लेभलाई सम्बोधन गर्दै सिन्धियाले विगत ११ वर्षमा भारतको डिजिटल यात्रा सर्वश्रेष्ठ रहेको बताउनु भयो। उहाँले भन्नुभयो, 'विगत १० वर्षमा देशको डिजिटल पहुँच महानगरदेखि दुर्गम गाउँसम्म पुगेको छ। नागरिकहरूको सशक्तीकरणसँगै भारत किफायती र समावेशी प्रविधिमा विश्वनेता बनेको छ।

**बाईट ज्योतिरादित्य सिंधिया**

**बैंकिंग-लॉ संशोधन -अधिनियम**

बैंकिङ क्षेत्रको प्रशासनमा सुधार ल्याउन तथा निवेशक तथा जमाकर्ताहरुको सुरक्षा सुनिश्चित गर्न बैंकिङ कानून संशोधन अधिनियम-2025 आजदेखि लागू भएको छ। वित्त मंत्रालयले सार्वजनिक क्षेत्रका बैंकहरूको लेखापरीक्षणको गुणस्तर सुधार गर्ने र सहकारी बैंकका अध्यक्ष र पूर्णकालिक निर्देशकहरू बाहेकका निर्देशकहरूको कार्यकाल बढाउने उद्देश्यले यस अधिनियमलाई १५ अप्रिलमा अधिसूचित गरेको जनाएको छ।अधिनियमका प्रावधानहरूले अधिकतम ब्याज सीमालाई पनि संशोधन गर्नेछ भने यसलाई ५ लाखबाट बढाएर २ करोड रुपैयाँ पुर्याउनेछ। सन् १९६८ यता यो सीमामा कुनै संशोधन भएको छैन।

नया अधिनियम १९७० को संविधान संशोधनअनुसार सहकारी बैंकका निर्देशकहरूको कार्यकाल आठ वर्षबाट बढाएर १० वर्ष पुरयाउने छ। बैंकिङ कानून संशोधन अधिनियम, २०२५ अन्तर्गत पाँच वटा विधानहरुमा १९ वटा संशोधन भएका छन्। यी विधानहरु हुन भारतीय रिजर्व बैंक अधिनियम, 1934, बैंकिंग विनियमन अधिनियम, 1949, भारतीय स्टेट बैंक अधिनियम, 1955, अनि बैंकिंग कम्पनी अधिग्रहण र उपक्रम हस्तांतरण अधिनियम, 1970 र 1980 रहेका छन्।

**राज्य मंत्री सुरेश गोपी**

केन्द्रीय पेट्रोलियम तथा प्राकृतिक ग्यास राज्यमन्त्री सुरेश गोपीले यस वर्षको जुलाई १ सम्ममा सार्वजनिक क्षेत्रका तेल बजार कम्पनीहरूले देशभरका राजमार्गहरूमा खुद्रा दोकानहरूमा कुल ३६८ 'अपना घर' विश्राम सुविधाहरू स्थापना गरेको बताउनु भएको छ। श्री गोपीले ट्रक ड्राइभरहरूको सुरक्षा र कल्याण बढाउनको लागि लोकसभालाई जानकारी दिए।

**पीआईबी-तथ्य जांच**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेको २५ प्रतिशत आयात शुल्कका कारण भारतीय बजारमा ६० अर्ब डलरको नोक्सानी भएको र वित्तीय संकटकाल लगाएको भन्ने पाकिस्तानको दुष्प्रचारलाई सरकारले अस्वीकार गरेको छ। प्रेस

सूचना कार्यालय- पीआईबीको तथ्य खोजी शाखाले उक्त दाबीलाई पूर्णतया भ्रामक र झुटो भनेको छ। पीआईबीका अनुसार भारतमा यस्तो कुनै पनि वित्तीय आपतकाल घोषणा गरिएको छैन। यसका साथमा पीआईबीले नागरिकहरूलाई सतर्क रहन र प्रमाणीकरण योग्य जानकारीको लागि आधिकारिक स्रोतहरूमा मात्र भरोसा गर्न भनेको छ।

**चुनाव आयोग-ईवीएम**

निर्वाचन आयोगले गत बर्ष भएको महाराष्ट्र विधानसभामा प्रयोग गरिएका सबै इलेक्ट्रोनिक भोटिङ मेसिन (इभीएम) निरीक्षण र प्रमाणीकरणका क्रममा सहि भएको जानकारी दिएको छ।आयोगको निर्देशनअनुसार १० जना उम्मेदवारको अनुरोधमा राज्यका मुख्य निर्वाचन अधिकारी एस चोकलिंगमले १० विधानसभा निर्वाचन क्षेत्रमा निर्वाचन एकाइ, नियन्त्रण एकाइ र भीभीप्याटको निरीक्षण गरेपछि अनुसन्धानमा सबै मेशिन सही रहेको पाइएको छ। भीभीप्याट स्लिप र इभिएम को नतिजामा कुनै भिन्नता थिएन। निर्वाचन आयोगले एक विज्ञप्ति जारी गर्दै आठ जना उम्मेदवार वा तिनका प्रतिनिधिव्यक्तिगत रुपमा उपस्थित भई छानबिनको प्रत्यक्षदर्शी रहेको जनाएको छ।

**मौसम**

मौसम विभागले असम, मेघालय र अरुणाचल प्रदेशमा आज अत्यधिक तीव्र वर्षाको ऑरेंज अलर्ट जारी गरेको छ। बिहार, छत्तीसगढ़, हिमाचल प्रदेश, झारखण्ड, नागालैंड, मणिपुर, मिजोरम, त्रिपुरा, राजस्थान, उत्तराखण्ड, पश्चिम बंगाल र सिक्किममा पनि आज तीव्र वर्षा हुने संभावना व्यक्त गरेको छ। देशको पश्चिमी, पूर्वी र मध्य भागहरुमा पनि आगामी पांच-छ दिनसम्म यस्तै स्थिति रहने संभवना व्यक्त गरिएको छ।